**कोरोना भाइरससम्बन्धी प्रदेश २ को अवस्था**
**धनुषा । ०७७ वैशाख १६ गते**

प्रदेश नं. २ अन्तर्गत रौतहट जिल्लाका थप दुई जना व्यक्तिमा कोरोना भाइरस (कोभिड- १९) सङ्क्रमण पुष्टि भएको छ । रौतहट जिल्लाको वृन्दावन नगरपालिका-९ भुसहाका २४ वर्षीय युवक र देवाही गोनाही नगरपालिका-१ स्थित करुनीया टोलका ३५ वर्षीय युवकमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको हो । २४ वर्षीय युवक गत चैत १७ गते भारतको कलकताबाट घर आएको र चैत २२ गते क्वारेन्टाइनमा राखिएको थियो भने ३५ वर्षीय युवक वैशाख ४ गते भारतको नयाँ दिल्लीबाट नेपाल आएका थिए । उनी नेपाल प्रवेश गरेको थाहा पाएपछि उनीसँगै परिवारलाई समेत क्वारेन्टाइनमा राखिएको थियो ।

रौतहटमा थप दुई जनामा कोरोना पोजेटिभ देखिएपछि स्थानीय प्रशासनले वृन्द्रावन नगरपालिका-९ भुसाहाको दक्षिणमा भीम डावर गाउँ, उत्तरमा आकरपाथर गाउँ, पश्चिममा बहुअरी र बरगजवा गाउँ र पुर्वमा बिर्ता गाउँ गरी चार किल्ला भित्रको इलाका र देवाही गोनाही नगरपालिका-१ नहरटोल पुर्वमा कन्जुल मस्जिद, पश्चिममा लाल बकैया नदीको नहर, दक्षिणमा नहर उत्तरमा खेसरहिया गाउँ गरी चार किल्ला भित्रको इलाका शिल गरिएको छ । सङ्क्रमित दुबै जनालाई बीरगंज स्थित नारायणी उपक्षेत्रिय अस्पतालमा लगिएको छ ।

राहत वितरणमा अनियमितता र पक्षपात भएको भन्दै सप्तरीको कञ्चनरूप नगरपालिका-९ को कार्यालयमा स्थानीय बासिन्दाले वैशाख १६ गते तालाबन्दी गरेका छन् । गरिबले पाउने राहत धनीले पाएको र पक्षपात गरेको भन्दै स्थानीय बासिन्दाले वडा कार्यालय र राहत राखिएको कोठामा तालाबन्दी गरेका हुन् । सर्वदलीय समितिको वैठकले वडाको गरिब, विपन्न ५ सय घरधुरीलाई राहत वितरण गर्न लागिएको जानकारी दिँदै वडा अध्यक्ष लक्ष्मण यादवले गरिब, विपन्नका लागि आएको राहतमा सबैले दावी गरेको र सरकारले पठाएको पैसामा सबैलाई भाग लगाउनु पर्ने भनेर विवाद गर्दै तालाबन्दी गरेको बताउनु भयो ।

महोत्तरी जिल्ला भङ्गाहा नगरपालिकाले जनप्रतिनिधिको सेवा सुविधा शीर्षकमा विनियोजित गरेको बजेट विपद् व्यवस्थापन कोषमा जम्मा गरेको छ । नगर कार्यपालिकाको निर्णय अनुसार चालू आर्थिक वर्षमा जनप्रतिनिधिको सेवासुविधाका लागि विनियोजित गरिएको ६० लाख रुपियाँ कोरोनाको राहत वितरणका लागि विपद् व्यवस्थापन कोषमा जम्मा गरेको नगरपालिकाले जनाएको छ ।

यसैबीच पर्सा जिल्लाको पोखरिया नगरपालिकामा रहेको पोखरिया अस्पतालमा वैशाख १६ गते कोरोना परीक्षणको लागि स्वाब सङ्कलन बुथ केन्द्र स्थापना गरिएको छ । प्रदेश सरकारको भौतिक पुर्वाधार तथा बिकास मन्त्रालय अन्तर्गतका खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बारा, कलैयाद्वारा निर्माण गरेको स्वाब सङ्कलन केन्द्र पोखरियामा रहेको जिल्ला अस्पतालमा आज स्थापना गरिएको नगर प्रमुख दिपनारायण रौनियारले बताउनु भयो ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार राहत वितरणमा अनियमितता र पक्षपात भएको भन्दै कञ्चनरूप नगरपालिका-९ को कार्यालयमा वडावासीले वैशाख १६ गते तालाबन्दी गरेका छन् । गरिबले पाउने राहत धनीले पाएको र पक्षपात गरेको भन्दै स्थानीयवासीले वडा कार्यालय र राहत राखिएको कोठामा तालाबन्दी गरेका हुन् । सर्वदलीय समितिको बैठकले वडाको गरिव, विपन्न ५ सय घरधुरीलाई राहत वितरण गर्न लागिएको जानकारी दिँदै वडा अध्यक्ष लक्ष्मण यादवले गरिब, विपन्नका लागि आएको राहतमा सबैले दावी गरेको र सरकारले पठाएको पैसामा सबैलाई भाग लगाउनु पर्ने भनेर विवाद गर्दै तालाबन्दी गरेको बताउनु भयो ।

लकडाउन विस्तारै सर्वसाधारणबाट बेवास्ता र उल्लङ्घन हुन थालेको छ । दैनिक उपभोग्य सामग्री बिक्रीको नाममा पसलहरू खुल्न थालेका छन् भने साइकल, मोटरसाइकल, पैदल हिँड्नेको सङ्ख्यामा बृद्धि भएको छ । राजविराजस्थित विभिन्न बैंकहरू विहान १० बजेदेखि १२ बजेसम्म खुल्ने गरेकोमा सामाजिक दुरी कायम नगरी लामबद्ध उभिने गरेका छन् । व्यापक रूपमा लकडाउनको उल्लङ्घन भएपछि वैशाख १५ र १६ गते लकडाउन कार्यान्वयन गर्न नेपाली सेना नै सडकमा उत्रिएको छ ।
सप्तरीबाट पीसीआर विधिबाट परीक्षणका लागि बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान पठाइएको ३ सय १७ मध्ये ९३ जनाको रिपोर्ट वैशाख १६ गते नेगेटिभ आएको छ । वैशाख १५ गते ४७ जनाको रिपोर्ट नेगेटिभ आएको थियो । बोदे बर्साइनमा १५ महिला र १ सय ४६ पुरूषको, कञ्चनरूपमा एक महिला र ४२ पुरूषको र सप्तकोशी नगरपालिकामा १५ महिला र ९८ पुरूषको स्वाब सङ्कलन गरि धरान पठाइएको थियो । जसमध्ये बोदे बर्साइनाबाट सङ्कलित १ सय ६१ स्वाबमध्ये १३ महिला र १ सय २७ पुरूषको परीक्षणको रिपोर्ट नेगेटिभ आएको हो ।
चैत २० गतेदेखि स्वाब सङ्कलन सुरू गरेको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालले हालसम्म १७ महिला र १ सय २५ पुरूष गरी १ सय ४२ जनाको आरडीटी परीक्षण गरेकोमा तीन जनाको पोजेटिभ आएको थियो । स्वास्थ्य कार्यालय र विभिन्न स्वास्थ्य शाखाले ८१ महिला र ५ सय ६४ पुरूष गरी ६ सय ४५ जनाको आरडीटी परीक्षण गरेकोमा एक जनाको पोजेटिभ आएको थियो । आराडीटी पोजेटिभ आएका उक्त चार जनासहित राजविराज अस्पतालबाट पठाइएको ४७ जनाको स्वाब पीसीआर विधिबाट परीक्षण गरिएकोमा सबैको नेगेटिभ आएको थियो ।
खडक नगरपालिकाका मस्जिदहरू क्वारेन्टाइनका रूपमा प्रयोग गरिएपछि क्वारेन्टाइनको सङ्ख्या बढेर ३४ पुगेको छ र वेड सङ्ख्या ६ सय ४९ पुगेको छ । सप्तरीको १८ ओटा स्थानीय तहद्वारा सञ्चालित ३४ ओटामध्ये विभिन्न क्वारेन्टाइनमा वैशाख १६ गते २ महिला र २३ पुरूष थप भएका छन् भने १४ पुरूष निगरानी अवधि सकिएर घर फर्किएका छन् । कञ्चनरूप नगरपालिका-१ स्थित लक्ष्मीनारायण मावि वैरवाबाट नौ पुरूष, छिन्नमस्ता गाउँपालिका-३ स्थित चौरसिया धर्मशालाबाट तीन पुरूष, तिलाठी कोइलाडी गाउँपालिका-८ स्थित लक्ष्मिबल्लभ नरसिंह मावि र हनुमाननगर कंकालिनी नगरपालिका-२ सकरदही माविबाट एक/एक जना स्वास्थ्य परीक्षण पछि घर फर्किएका हुन् । खडग नगरपालिकाको क्वारेन्टाइनबाट एक महिला र एक पुरूषलाई शम्भुनाथ नगरपालिकास्थित क्वारेन्टाइनमा सारिएको छ । हाल ३५ महिला र २ सय २२ पुरूष गरी २ सय ५७ जना विभिन्न क्वारेन्टाइनमा बसेका छन् । होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या वैशाख १६ गते १ सय १२ छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेका अनुसार क्वारेनटाइनमा शङ्कास्पद बिरामीहरूलाई निगरानीमा राख्ने क्रम जारी रहेको बताउनु भएको छ । वैशाख १६ गतेसम्म १७ जना महिला ९३ जना पुरूष गरी १ सय १० जना बसीरहेको उहाँले बताउनु भयो । त्यसैगरी होम क्वारेन्टाइनमा आठ महिलासहित ४० जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो । १८ महिला र २ सय २१ पुरूष गरी २ सय ३९ जना होम क्वारेन्टाइनबाट डिस्चार्ज भएको डिएसपी घिमिरेले बताउनु भयो ।
जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले कोरोना सङ्क्रमितहरूको कोरोना परीक्षणको लागि वैशाख १३ र १४ गते सङ्कलन गरिएको ३ सय ९७ जनाको रिपोर्ट मध्ये १ सय ७५ जनाको रिपोर्ट वैशाख १६ गते निगेटिभ आएको बताउनु भयो ।
स्वास्थ्य मन्त्रालय र बिरेन्द्र सैनिक अस्पतालका चार जनाको टोली र जिल्लाका स्वास्थ्यकर्मीहरूको संयूक्त टोलीले पीसीआर प्रबिधिबाट कोरोना परीक्षण गर्न नमूना सङ्कलन गरी शुक्रराज ट्रपिकल तथा

सरूवा रोग अस्पताल काठमाडौँमा पीसीआर विधिबाट गरिएको जाँचमा १ सय ७५ जनाको नतिजा निगेटिभ आएको र बाँकीको नतिजा छिटै नै आउने प्रमुख यादवले बताउनु भयो ।
बरियारपट्टी गाउँपालिकामा विपन्न, गरीब दलित परिवारहरूको लागि राहत वितरण कार्य सुरू गरिएको छ । १ करोड ५० लाख रुपियाँ गाउँपालिकाको र १० हजार प्रदेश सरकारको गरी १ करोड ६० लाख रुपियाँको राहत कोष स्थापना गरी वैशाख १५ गतेबाट राहत वितरण कार्य सुरू गरेको गाउँपालिकाका अध्यक्ष सन्तोष महतोले बताउनु भयो । वैशाख १६ गतेसम्म वडा नं. १ मा ६ सय ९, वडा नं. ३ मा ६ सय ६२, वडा नं. ४ मा ५ सय ५० र वडा नं. ५ मा ६ सय ५४ जनालाई २५ केजी चामल, तीन केजी दाल, दुई लिटर तेल, दुई केजी चिनी, दुई केजी नून र साबुन लगायतको सामग्रीहरू वितरण गरेको उहाँले बताउनु भयो । वडा नं. २ को तथ्याङ्क सङ्कलन नभएकोले सङ्कलन पछि वितरण गरिने बताउनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दिपेन्द्रप्रसाद सिंह**का अनुसार जनकपुरधाम उपमहानगरपालिकाले राहतमा सडेको चामलको पोका वितरण गरेको जनकपुरधाम उमनपा-१६ कपलेश्वरका रामचन्द्र ठाकुर हजामले बताउनु भएको छ ।
गुणस्तरहीन, अखाद्य सामग्री वितरण गरेको भन्दै स्थानीयवासी आक्रोशित छन् । स्थानीयवासी रामचन्द्र ठाकुरले राहत सामग्रीको पोका पारिएको चामल खोलेर हेर्दा निक्कै दुःखी भएको राहत वितरण गरिएको स्थलमै गएर सो राहत फर्काइएको बताउनु भयो ।
प्रदेश सरकारको अनुदान रकम र विपद कोषको रकमबाट गरिएको राहतको चामल कुहिएको कारण आफुहरूले बिरोध गरेको स्थानीय मनोज साहले बताउनु भयो ।
जनकपुरधाम उपमहानगरपालिकाले जनकपुरधाममा आवश्यकता अनुसारको चामल लगायतका सरसामग्रीहरू नपाउँदा प्रदेश नं. १ को बिराटनगरबाट खरीद गरेर ल्याइएको थियो । प्रति परिवार नगरिकले १५ किलो चामलको पोका राहत पाएका थिए ।
जनकपुरधाम उपमहानगरपालिकाले खरिद गरेको राहत सामग्री बिराटनगरबाट नै प्याक भएर आएको जनकपुरधाम उपमहानगरपालिका-१६ का वडा अध्यक्ष राम अशिष पञ्जियारले दाबी गर्नु भएको छ । २ सय ३९ जनालाई राहत वितरण गर्दा जम्मा दुई जनाको राहतमा यस्तो समस्या देखिएको वडा अध्यक्ष पञ्जियारले बताउनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार भङ्गाहा नगरपालिकाले जनप्रतिनिधिको सेवा सुविधा शीर्षकमा विनियोजित बजेट विपद व्यवस्थापन कोषमा जम्मा गरेको छ । नगर कार्यपालिकाको निर्णय अनुसार चालू आर्थिक वर्षमा जनप्रतिनिधिको सेवा सुविधाका लागि विनियोजित ६० लाख रुपियाँ कोरोनाको राहत वितरणका लागि विपद् व्यवस्थापन कोषमा जम्मा गरेको नगरपालिकाले जनाएको छ ।
यसअघि यस कोषका लागि विनियोजित २० लाख रुपियाँ जनप्रतिनिधिको सञ्चार, बैठक, भ्रमण र खाजा खर्च वापत विनियोजित ८० लाखमध्ये ६० लाख रुपियाँ र सङ्घीय सरकारबाट प्राप्त १५ लाख रुपियाँसहित विपद् व्यवस्थापन कोषमा ९५ लाख रुपियाँ जम्मा भएको नगर प्रमुख सञ्जीवकुमार साहले जानकारी दिनु भयो ।
"जनप्रतिनिधिको सेवासुविधाका लागि ८० लाख रुपियाँ विनियोजित थियो,"-नगर प्रमुख सञ्जीवकुमार साहले भन्नु भयो-"कोभिड-१९ सन्त्रास छाउनुअघि नै २० लाख रुपियाँ खर्च भएछ, बाँकी सबै रकम विपद् व्यवस्थापन कोषमा जम्मा गरेर राहत बाँड्ने निधो गरेका हौं ।" अतिविपन्न परिवारलाई राहत

वितरण गर्न, क्वारेन्टाइन केन्द्रमा आवश्यक स्वास्थ्य सामग्री खरिद गर्न र अन्य व्यवस्थापनमा रकम घट्न नदिने नगर प्रमुख साहको भनाइ छ ।

महोत्तरी सहित प्रदेश नं. २ का स्थानीय तहमा अति विपन्नहरूको पहिचान र उनीहरूलाई राहत दिने कुरामा राजनीतिक दखलन्दाजी बढ्दा यो कार्यक्रम धेरैजसो ठाउँमा विवादित बनेको छ । अतिविपन्न परिवारको पहिचान नगरी राजनीतिक भागवण्डामा राहत कार्यक्रम लगिँदा भङ्गहासँगै सीमा जोडिएका धनुषाको बटेश्वर गाउँपालिकामा जनप्रतिनिधि र गरिब बिच झडपकै स्थिति बनेको थियो । अन्य ठाउँमा देखिएका विवादबाट शिक्षा लिँदै राहत वितरण गरिबको चुलो निभ्न नदिनमा केन्द्रित हुने भङ्गाहाका जनप्रतिनिधिले बताउनु भएको छ । जारी लकडाउनमा भोकभोकै रहेका गरिब तथा विपन्नलाई चामल, दाल, नुन, खाने तेलजस्ता खाद्यान्न वितरण गर्ने कार्य जारी राखिएको नगर प्रमुख साहले बताउनु भयो ।

जनप्रतिनिधिका लागि नगर सभाले दैनिक भ्रमण भत्ता, सञ्चार खर्च, चिया खाजा र अतिथि सत्कारलाई छुट्याएको रकम यसपटक महामारी छल्न प्रयोग गर्ने निर्णय गरेकोमा जिल्लाका बुद्धिजीवीले सराहना गरेका छन् । विपदमा गरिब जनताका लागि भङ्गाहाका जनप्रतिनिधिले देखाएको उदारता अन्य ठाउँमा पनि अनुसरण गर्नुपर्ने बुद्धिजीवीहरूले बताउनु भएको छ ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लालबन्दी नगर कमिटीले लालबन्दी नगरपालिकालाई नगद रकम तथा खाद्यान्न सहयोग गरेको छ ।

लालबन्दी नगरपालिकाको सभाहलमा भएको कार्यक्रममा नेकपा नगर कमिटीले नगद ५ लाख १९ हजार ७ सय ३० रुपियाँ र ६ क्वीन्टल ५९ किलो चामल सहयोग गरेको हो । कोरोना भाइरसको विरूद्धमा नेपाल सरकारले घोषणा गरेको लकडाउनका कारण गरिब, विपन्न परिवारका लागि राहत पुगोस् भनेर खाद्यान्न र नगद सहयोग गरेको लालबन्दी नगर कमिटीको सदस्य रामबहादुर खड्काले बताउनु भएको छ ।

नेकपा जिल्ला कमिटी सदस्य खड्काको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा केन्द्रीय सदस्य प्रहलाद बुढाथोकी, डाचाराज वाग्ले, पार्टी सर्लाही जिल्ला कमिटी अध्यक्ष रेवती पन्त, सचिव कमल बुढाथोकी, राष्ट्रिय सभा सदस्य राधेश्यम पासवान, प्रदेश सभा सदस्य बेची लुगेंली, लालबन्दी नगरपालिकाका नगर प्रमुख मानबहादुर खड्का, उपप्रमुख शान्तीकुमारी लामा लगातय पार्टीका विभिन्न तहका नेता कार्यकर्ताहरूका साथै जनप्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

नेकपा लालबन्दी नगर कमिटीले आफुहरूले वडागत रूपमा सङ्कलन गरेको नगद नगरले स्वास्थ्य क्षेत्रमा लगानी गरेको देख्न चाहेको लालबन्दी नगरपालिकाका नगर उपप्रमुख शान्तीकुमारी लामाले बताउनु भयो ।

लालबन्दी नगरपालिकालाई नगद रकम तथा खाद्यान्न सहयोग गर्ने सबै सहयोगीहरूलाई धन्यवाद दिँदै कोरोना विरुद्धको लडाइ सकिएपछि सहयोग नगद रकमको पारदर्शी तरिकाबाट जानकारी गराउने, केही दिन पहिला आएको हावाहुरी तथा असिना पानीले पारेको असरको स्थलगत अनुगमन गरि राहत प्रदान गर्ने, लालबन्दी नगरपालिका नगरमा आईपर्ने खाद्य सङ्कट, जनचेतना अभिवृद्धि र लक डाउनको पालनाको विषयमा नगरपालिका गम्भिर भएको लालबन्दी नगरपालिकाका नगर प्रमुख मानबहादुर खड्काले बताउनु भएको छ ।

त्यसैगरी स्थानीयबासी लालचन्द्र उप्रेतीले ५ हजार ५ सय र अर्का स्थानीय कृष्णप्रसाद दाहालले ५१ हजार रुपियाँ सहयोग गर्नु भएको नगर प्रमुख खड्काले बताउनु भयो ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार रौतहटमा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या १९ जना महिला र २ सय ९४ पूरूष गरी जम्मा ३ सय १३ जना रहेका छन् । रौतहटमा हालसम्म थर्मल गनबाट ज्वरो चेकजाँज गर्नेको सङ्ख्या ६१ हजार ५ सय १५ रहेको छ । रौतहटको विभिन्न स्थानको क्वारेन्टाइनबाट घर फिर्ता गरिएको सङ्ख्या ३ सय ११ जना रहेको छ । हालसम्म रौतहटको विभिन्न क्वारेन्टाइनमा बसेका ३ सय २३ जनाको स्वाब परीक्षण गरिएकोमा २ सय ६० जनाको रिपोर्ट नेगेटिभ आएको छ भने तीन जनाको रिपोर्ट पोजेटिभ आएको र ६० जनाको रिपोर्ट आउँन बाँकी रहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो । त्यस्तै आरडीटीबाट स्वास्थ्य परीक्षण ४ सय ८३ जनाको गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । रौतहटमा जम्मा ७ सय १ ओटा पीपीई रहेको छ भने जिल्लामा ९ सय ३२ ओटा क्वारेन्टाइन बेड सङ्ख्या रहेको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो । उक्त स्थानीय तहमा रहेको क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको आवश्यक खाना लगायत बसाई व्यवस्थापन सम्बन्धित स्थनीयहरूले गर्दै आएको प्रमुख जिल्ला अधिकारीले बताउनु भयो ।

यसैबिच रौतहटमा थप दुई जना व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण रहेको पुष्टि भएको छ । जिल्लाको देवाही गोनाही नपा-१ करूनीया टोलका ३५ वर्षीय युवक तथा बृन्द्रावन नपा-९ का २४ वर्षीय युवकमा कोरोना भाइरस सङ्क्रमण देखिएको छ । करूनीयाका युवक भारतको दिल्लीबाट गत वैशाख ४ गते आएदेखि देवाही गोनाही नपा-६ स्थित श्री जयकिसान पोलिटेक्निकल इन्स्टिच्युट धरहरीमा बनाइएको क्वारेन्टाइनमा भर्ना भएका थिए । उहाँमा कोरोना भाइरस सङ्क्रमण रहेको जिल्ला जनस्वास्थ्य कार्यालय रौतहटका फोकल पर्सन हरेन्द्र गुप्ताले जानकारी दिनु भयो । त्यसैगरी वृन्द्रावनका अर्का सङ्क्रमित चन्द्रपुर नगरपालिका-६ स्थित क्वारेन्टाइनमा १६ दिन बसेर यही वैशाख ६ गते घर फर्केको कुरा चन्द्रपुर अस्पतालका निमित्त मेडिकल सुपरीटेन्डेन्ट डा.श्यामबाबु साहले बताउनु भयो । रोजगारीको सिलसिलामा भारतको कोलकतामा काम गर्दै आउनु भएका उहाँ चैत २२ गते नेपाल प्रवेश गर्नु भएको थियो । उहाँलाई चन्द्रनिगाहपुरस्थित क्वारेन्टाइनमा राखि जनकपुरस्थित प्रयोगशालाको परीक्षणमा नेगेटिभ रिपोर्ट आएपछि घर फर्काइएको थियो ।

तर, काठमाडौंको टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरेको पीसीआर परीक्षणमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । यस अघि ईशनाथ नगरपालिका-४ का एक युवकमा कोरोना देखिएको थियो ।  उनी वैशाख १५ गते उपचार पश्चात घर फर्किसकेको जनस्वास्थ्य कार्यालय रौतहटले जानकारी दिएको छ । रौतहटमा थप दुई जनामा कोरोना पोजेटिभ देखिएसँगै स्थानीय प्रशासन वृन्द्रावन नगरपालिका-९ भुसाहाको दक्षिणमा भीम डावर गाउँ, उत्तरमा आकरपाथर गाउँ, पश्चिममा बहुअरी र बरगजवा गाउँ र पुर्वमा बिर्ता गाउँ भित्रको इलाका र देवाही गोनाही नगरपालिका-१ नहरटोल पुर्वमा कन्जुल मस्जिद, पश्चिममा लाल बकैया नदीको नहर दक्षिणमा नहर उत्तरमा खेसरहिया गाउँ गरी चार किल्ला भित्रको ईलाका पूर्ण रूपमा घेराबन्दी (शिल) गरिएको जनाइएको छ । उक्त घेराबन्दी (शिल) गरिएको ईलाकाबाट कुनैपनि व्यक्ति बाहिर निस्कने र अन्यत्रबाट घेराबन्दी (शिल) गरिएको ईलाकामा प्रवेश गरेमा कानुन बमोजिम कडा कारवाही गरीने व्यहोरा समेत जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ । उक्त ईलाकाका व्यक्तिहरू बाहिर जान नपाउने र उक्त ईलाकामा बाहिरका व्यक्तिहरू जान नपाउने गरी घेराबन्दी (शिल) गरिएको छ । सङ्क्रमित दुबै जनालाई बीरगंज स्थित नारायणी उपक्षेत्रिय अस्पतालमा लगिएको छ ।

त्यसैगरी जिल्ला प्रशासन कार्यालय रौतहटले वैशाख १५ गते दिउँसो ११ बजेदेखि २ बजेसम्म पसलहरू खुल्ला गरी उपभोक्ताहरू आफैले सामान खरिद गर्न सकिने भन्ने निर्णय भएको थियो तर वैशाख १६ गते दुई जनामा कोरोना पोजेटिभ देखिएपछि पुनः वैशाख १५ गतेभन्दा अगाडीको निर्णय अनुसार

अतिआवश्यक काम भन्दा बाहेक घर बाहिर ननिस्कन र आवश्यक परेमा पास लिएर मात्र अतिआवश्यक काममा सर्वसाधारणलाई घरबाट निस्कनको लागि वैशाख १६ गते विज्ञप्ति निकाली सबैमा जानकारी गराएको जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार जिल्लामा आइसोलेशन बेड सङ्ख्या ४८ रहेकोमा आइसोलेशन वार्डमा दुई जनाको उपचार भइरहेका जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी ओम खड्काले बताउनु भएको छ । उहाँले जिल्लामा १ सय ५८ जनाको आरडीटी परीक्षण हुदाँ सबैको नतिजा नेगेटिभ आएको बताउनु भएको छ । उहाँले भारतबाट नेपाल प्रवेश गरेका भारतीय नागरिक ९३ जना रहेको र लुकिछिपी आएको भनि गुनासो आए पनि रेकर्ड नभएको र सीमामा कडाइ भइरहेको बताउनु भएको छ ।
नोवेल कोरोना भाइरस कोभिड-१९ रोकथाम र नियन्त्रण गर्न मुस्लिम आयोगले गठन गरेको अनुगमन समितिले इस्लाम धर्मावम्बीहरूको चाड रमजान वैशाख १५ गते तीन दिनको अवधिमा लकडाउन पालनाको अवस्था हेरी सुझाव दिनका लागि संयोजक राजमहम्द रायको अगुवाइमा अनुगमन गरेको समितिका सदस्य मुफद सिद्धिकीले बताउनु भएको छ ।
महागढीमाई नगरपालिकाको बरियारपुर, गञ्जभवानीपुर, दहियार, सुवर्ण गाउँपालिकाको प्रशुरामपुर, कलैया उमनपाको बिजुलपुरमा रहेको मस्जिद, मदर्साको स्थलगत अनुगमन गरेको राज खानले बताउनु भएको छ ।
रमजान पर्व विगतका वर्ष जस्तो हर्षेल्लाहसका साथ मनाउन नपाउने भएकाले समाजिक दुरी कायम गरेको, इफतार र तराबी घरमै पढेको, तीन देखि चार जना सम्म मस्जिदमा बसेको, मास्क लगाएको, साबुन पानीले हात धुने र भिडभाड नगरेकाले सबैलाई धन्यवाद दिएको संयोजक रायले बताउनु भएको छ ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछाने**का अनुसार रौतहटका दुई जना कोरोना सङ्क्रमितलाई उपचारका लागि बीरगंज ल्याइएको छ । देवाही गोनाही नगरपालिका-१ करूनीया टोलका ३५ वर्षीय र वृन्दावन नगरपालिका-९ भुसाहा टोलका २४ वर्षीय युवालाई आइसोलेसन वार्डमा राखिएको नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. मदन उपाध्यायले जानकारी दिनु भयो ।
यसैबीच पर्सा जिल्लाको पोखरीया नगरपालिकामा रहेको पोखरिया अस्पतालमा वैशाख १६ गते कोरोना परीक्षणको लागि स्वाब सङ्कलन बुथ केन्द्र स्थापना गरिएको छ ।
प्रदेश सरकारको भौतिक पुर्वाधार तथा बिकास मन्त्रालय अन्तर्गतका खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बारा, कलैयाद्वाराले निर्माण गरेको स्वाब सङ्कलन केन्द्र पोखरीयामा रहेको जिल्ला अस्पतालमा वैशाख १६ गते स्थापना गरिएको नगर प्रमुख दिपनारायण रौनियारले बताउनु भयो ।
निर्माण भएको स्वाब सङ्कलन केन्द्र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाराका कार्यालय प्रमुख जक्कि अहमद अन्सारीले अस्पताललाई हस्तान्तरण गर्नु भएको थियो ।
जनता समाजबादी पार्टीका नेता नेजामुदिन समानीको पहलमा निर्माण भएको स्वाब सङ्कलन बुथ केन्द्र पोखरीया अस्पतालका मेडिकल सुपरिटेन्डेड डाक्टर अनिल यादवलाई हस्तान्तरण गरिएको थियो ।
पोखरीया नगरपालिका-४ स्थित पोखरीया जिल्ला अस्पतालमा स्वाब सङ्कलन केन्द्र स्थापनामा उपप्रमुख सलमा खातुन र पोखरीया अस्पताल व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मन साह कानुको लगायतको उपस्थिति रहेको थियो ।

यसैबीच नेपाल कम्युनिष्ट पार्टी पर्साले बीरगंजको नारायणी अस्पताललाई सर्वसाधारणले सबै प्रकारका उपचार पाउने  अस्पतालकै रूपमा सञ्चालन गर्न माग गरेको छ। पार्टीका अध्यक्ष प्रभू हजराले वैशाख १६ गते जारी गर्नु भएको विज्ञप्तिमा गण्डक अस्पताललाई कोरोना बिशेष अस्पतालको रूपमा सञ्चालन गरि सर्वसाधारणका लागि नारायणी अस्पतालको पूर्ववत सेवा सञ्चालन गर्न माग गर्नु भएको हो ।

उहाँले गण्डक अस्पतालसँग समझौता भइसकेको परिवेशमा नारायणीलाई आम नगरिकको पहुँच भएको अस्पतालकै रूपमा चलाउन आवश्यक रहेको जारी विज्ञप्तिमा उल्लेख छ ।

अध्यक्ष हजराले राज्यद्वारा जारी नीति र निर्देशन विश्व स्वास्थ्य संगठनको मापदण्ड र प्रदेश तथा स्थानीय सरकारका निर्णयलाई अझ कडाईका साथ पालना गर्न आम जन समुदायसँग अनुरोध गर्नु भएको छ । त्यसैगरी बीरगंज महानगरपालिकाका प्रमुख बिजयकुमार सरावगीले बीरगंजमा कोरोना बिशेष अस्पताल सञ्चालनको अनुमती दिन सङ्घीय सरकारको स्वास्थ्य मन्त्रालयसँग आग्रह गर्नु भएको छ ।

महानगर प्रमखु सरावगीले स्वास्थ्य मन्त्री भानुभक्त ढकाललाई वैशाख १६ गते एक पत्र लेखी  निजी क्षेत्रबाट सञ्चालित गण्डक अस्पताल प्रा.लि.ले भवन, औजार उपकरण लगायतका भौतिक सम्पतिहरू निःशुल्क दिने सम्झौता भएको र नारायणी अस्पतालकै प्रमुख मे.सु. र चिकित्सकहरूको नेतृत्वमा सञ्चालन हुने गरी अस्थाई कोभिड-१९ अस्पताल सञ्चालन अनुमती दिन उहाँले फेरी आग्रह गर्नु भएको हो ।

त्यसैगरी, पर्सागढी नगरपालिका-९ का लकडाउन प्रभावित गरिब, अतिविपन्न परिवारको लागि राहत वितरण गरिएको छ ।

वडाका सर्वपक्षीय समितिले गरेको निर्णयको अनुसार वडा नं. ९ को तीन ओटै गाउँका अति गरिब, विपन्न परिवारको पहिचान गरी १ सय ८१ जनालाई राहत वितरण गरिएको हो । वडा भित्र पर्ने बर्डेवा, तेलिया र एकटांगा गाउँका गरिब, अतिविपन्न परिवारलाई राहत वितरण गरिएको वडा अध्यक्ष रामनारायण प्रसाद गौरोले बताउनु भयो ।

२० किलो चामल, दुई किलो मसुरोको दाल, दुई किलो नुन, खाने तेल एक लिटर, नुहाउने र लुगाधुने साबुन चार पिस गरी बनाईएको राहत प्याकेज प्रति परिवारालई उपलब्ध गराईएको गौरोले जानकारी दिनु भयो ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**